संघीय संसद

# प्रतिनिधि सभा, २०७९

छैटौं अधिवेशन

बैठक सङ्ख्या – ३६

## दैनिक कार्यसूची

२०८२ असार ८ गते, आइतबार

बिहान ११:०० बजे

**(सम्भावित)**

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्र**

१. सम्माननीय सभामुखले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त पत्रको व्यहोरा पढेर सुनाउनु हुने ।

**विषयगत समितिमा हेरफेर**

२. सम्माननीय सभामुखले प्रतिनिधि सभा अन्तर्गतको विषयगत समितिहरूमा माननीय सदस्यहरूको नाम हेरफेर गर्नुहुने।

**विनियोजन विधेयकमाथिको छलफल जारी**

३. विनियोजन विधेयक, २०८२ को विभिन्न शीर्षकहरू माथि जारी छलफलअन्तर्गत निम्नलिखित मन्त्रालयको विभिन्न शीर्षकहरू माथि समूहीकृत रूपमा छलफल हुनेः-

(क) युवा तथा खेलकुद मन्त्रालय

(ख) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

(ग) अर्थ मन्त्रालय

(घ) सहरी विकास मन्त्रालय

(ङ) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोगको सचिवालय, राष्ट्रपतिको कार्यालय एवं उपराष्ट्रपतिको कार्यालय

४. मा० डा० अमरेश कुमार सिंहले विनियोजन विधेयक, २०८२ अन्तर्गत युवा तथा खेलकुद मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, अर्थ मन्त्रालय, सहरी विकास मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ कायम गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने।

५. मा० प्रभु साहले विनियोजन विधेयक, २०८२ अन्तर्गत युवा तथा खेलकुद मन्त्रालय र सहरी विकास मन्त्रालयको शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ कायम गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने।

६. मा० चित्र बहादुर के.सी.ले विनियोजन विधेयक, २०८२ अन्तर्गत युवा तथा खेलकुद मन्त्रालय र सहरी विकास मन्त्रालयको शीर्षकको खर्च रकममा उल्लिखित खर्च रकम घटाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने।

७. मा० प्रेम सुवालले विनियोजन विधेयक, २०८२ अन्तर्गत युवा तथा खेलकुद मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, अर्थ मन्त्रालय, सहरी विकास मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र राष्ट्रिय योजना आयोगको सचिवालयको शीर्षकको खर्च रकममा उल्लिखित खर्च रकम घटाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने।

८. मा० हितराज पाण्डेले विनियोजन विधेयक, २०८२ अन्तर्गत महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको शीर्षकको खर्च रकममा एकसय रुपैयाँ घटाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने।

९. मा० गंगा कार्कीले विनियोजन विधेयक, २०८२ अन्तर्गत अर्थ मन्त्रालयको शीर्षकको खर्च रकमलाई घटाई एक रुपैयाँ कायम गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने।

१०. मा० अमनलाल मोदीले विनियोजन विधेयक, २०८२ अन्तर्गत सहरी विकास मन्त्रालयको शीर्षकको खर्च रकमलाई घटाइ एक रुपैयाँ कायम गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने।

११. मा० लेख नाथ दाहालले विनियोजन विधेयक, २०८२ अन्तर्गत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको शीर्षकको खर्च रकममा एकसय रुपैयाँ घटाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने।

पद्म प्रसाद पाण्डेय

महासचिव